जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- ५८ | २०८२ साल असोज ७ मंगलवार | ( September 23, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-

## रोजगारी अभाव र भत्ता नआउँदा कञ्चनपुरको भिमदत्ताका राउटे समुदायको दशैं निराशाजनक

बिगूल समाचार
७ असोज २०८२

कञ्चनपुर । दशैंको समयमा सामाजिक सुरक्षा भत्ता नपाउँदा राउटे निराश बनेका छन् । राउटेका अनुसार उनीहरुले साउनयता सामाजिक सुरक्षा भत्ता पाएका छैनन् ।

आफूहरूको आम्दानीको मुख्य स्रोत नै सरकारले दिने भत्ता भएको उल्लेख गर्दै दशैंमा भत्ता नआउँदा दुःख लागेको कञ्चनपुरको भीमदत्त नगरपालिका-९ का बडसिंह राउटेले बताए । 'पहिले समयमै भत्ता आउँथ्यो तर अहिले दशैं सुरु हुँदा पनि भत्ता आएन', उनले भने ।

समयमै भत्ता नपाएपछि राउटे बस्तीमा राउटेहरूलाई खाद्यान्न, नुन, तेललगायत किन्न समस्या भएको उनको भनाइ छ । 'हामी बूढाबूढीको रु २४ हजार भत्ता आउथ्यो त्यसै खर्चले हामीले पनि चाडपर्व मनाउथ्यौं', राउटेले भने, 'जंगलबाट सरकारले गाउँमा ल्यायो, काठका सामग्री बनाउन पनि काठ नपाउने अवस्था छ ।'



जंगलका कन्दमूल खाने र काठबाट भाँडाकुँडा बनाएर जीविकोपार्जन गर्ने भए पनि बस्तीमा बस्दा छेउछाउका सामुदायिक वनबाट काठ ल्याउन नपाइने हुँदा काठको भाँडाकुँडा बनाउन पनि समस्या हुने गरेको किरीदेवी राउटेले बताए । 'यहाँ भत्ताबाहेक अन्य केही रोजगारी छैन, एउटा छोरो कमाउनका लागि भारत गएको छ', उनले भने, '९ महिना भारतमा मजदुरी गर्छ तीन महिना घरमा बस्छ त्यसैले गुजारा चलेको छ ।'

आफूहरुको जीविकोपार्जन भत्ताको भरमा परिवार चल्ने गरेको उल्लेख गर्दै अनिता राउटेले भने, 'गाउँघरमा ज्यालामजदूरी गर्न पनि पाइँदैन, बस्तीमा टहरा मात्रै छ कमाइ खान जग्गा छैन ।'

भीमदत्त नगरपालिका-९ का वडाध्यक्ष गगनसिंह कार्कीले यस वर्ष सामाजिक सुरक्षा भत्ता नवीकरणको समय एक महिना थप गरेकाले सामाजिक सुरक्षा भत्ता दिन नसकिएको बताए । 'पहिला भदौ मसान्तभित्र नवीकरण हुन्थो, दशैं अगाडि भत्ता वितरण आउँथो', उनले भने, 'असोज मसान्तसम्म नवीकरणको समय भएकाले भत्ता दिन नसकिएको हो ।'

उनका अनुसार उक्त वडामा २० जना राउटेले सामाजिक सुरक्षा भत्ता पाउँदै आएका छन् । लोपोन्मुख राउटे समुदायका परिवारका सबै सदस्यले मासिक रूपमा सामाजिक सुरक्षा भत्ता पाउँदै आएका हुन ।

## मन्त्रिपरिषद् बिस्तार : को हुन् चारजना नयाँ मन्त्री ?

बिगूल समाचार
७ असोज २०८२



काठमाडौं । अन्तरिम सरकारका चार नयाँ मन्त्रीले सोमबार पद तथा गोपनीयताको शपथ लिएका छन् । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा महावीर पुन, उद्योग तथा भूमिसुधार मन्त्रीमा अनिलकुमार सिन्हा, सञ्चार , सूचना तथा प्रविधिमन्त्रीमा जगदीश खरेल र कृषिमन्त्रीमा डा. मदन परियार नियुक्त भएका छन् । यो नियुक्तिसँगै प्रधानमन्त्री सुशीला कार्कीको मन्त्रिपरिषद् सात सदस्यीय भएको छ ।

यसअघि अर्थमन्त्रीमा रामेश्वर खनाल, गृह तथा कानुनमन्त्रीमा ओमप्रकाश अर्याल र ऊर्जा, भौतिक योजना तथा निर्माण र सहरी विकासमन्त्रीमा कुलमान घिसिङ नियुक्त भइसकेका छन् । स्वास्थ्य मन्त्रीमा प्रस्तावित डा. संगीता कौशल मिश्राको नियुक्ति भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धानका कारण रोकेको छ ।

### मन्त्रीहरूको संक्षिप्त परिचय

### महावीर पुन, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री

म्याग्दीको नाङ्गी गाउँमा जन्मिएका पुनले १२ वर्ष शिक्षकको रूपमा काम गरे । अमेरिकाको युनिभर्सिटी अफ नेब्रास्का एट कर्नीबाट स्नातक गरेका उनले १९९२ मा नेपाल फर्केर गाउँमा शिक्षा र प्रविधिको पहुँच विस्तार गरे । राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक अध्यक्ष पुनले २००७ मा र मोन म्यागसेसे पुरस्कार र २०७९ मा नेपाल सरकारको भवन कीर्ति रत्न पुरस्कार प्राप्त गरेका छन् । उनको आत्मकथा 'महावीर पुन' प्रकाशित छ ।

### अनिलकुमार सिन्हा, उद्योग तथा भूमिसुधारमन्त्री

सर्वोच्च अदालतका पूर्वन्यायाधीश सिन्हाले २०८० मा अवकाश पाएका थिए । कर र कर्पोरेट क्षेत्रका विशेषज्ञ वकिलका रूपमा चिनिने उनले सात वर्षसम्म सर्वोच्चमा संवैधानिक फैसलाहरू गरे । केपी ओली सरकारको संसद विघटनविरुद्ध र लोकमानसिंह कार्कीको अख्तियार नियुक्ति विवादमा उनको राय महत्त्वपूर्ण थियो ।

### जगदीश खरेल, सञ्चार, सूचना तथा प्रविधिमन्त्री

दोलखाका खरेल दुई दशकदेखि पत्रकारितामा सक्रिय छन् । इमेज टिभीमा समाचार प्रमुख रहेका उनले 'हट सिट' कार्यक्रम सञ्चालन गर्छन्। त्रिभुवन विश्वविद्यालयबाट पत्रकारितामा स्नातकोत्तर गरेका खरेल अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिमा विद्यावारिधि गर्दैछन् ।

### डा. मदन परियार, कृषिमन्त्री

समता फाउन्डेसनका अध्यक्ष डा.परियार जलवायु र कृषिविज्ञ हुन् । सप्तरीका उनले संविधानसभाको राज्य पुनर्संरचना आयोगको संयोजकको भूमिका निर्वाह गरेका थिए । दलित समुदायबाट पिएचडी गर्ने पहिलो व्यक्ति परियारले उदयपुर सिमेन्ट र वीरगन्ज कृषि औजार कारखानाको महाप्रबन्धकको जिम्मेवारी सम्हालेका थिए । उनको फाउन्डेसन जातीय भेदभावमुक्त समाज र अल्पसंख्यक अधिकारका लागि सक्रिय छ ।

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपुर, डडेल्धुरा**

## खप्तडछान्ना गाउँपालिका बझाङको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**खप्तडछान्ना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पसलबगर, बझाङ**

लोक प्रय पत्रिका लाल बिगूल राष्ट्रिय दैनिक अब प्रत्येक दिन www.lalbigul.com मा बिहान ई- पत्रिकामा पनि उपलब्ध छ ।

## सम्पादकीय

### नयाँ पुस्ताले ल्याएको राजनीतिक भूकम्प

नेपालको राजनीतिक इतिहासमा भदौ २३ र २४ गतेको घटना सदासर्वदा सम्झन लायक रहनेछ । दुई दिनमै मुलुकको सत्तोसराबै फेरिएको दृश्य केवल इतिहासका पानामा मात्र होइन, विश्वका प्रमुख सञ्चार माध्यममा समेत पहिलो प्राथमिकता पाएर फैलियो । नेपालको आन्तरिक आन्दोलनले यति ठूलो अन्तर्राष्ट्रिय चर्चा पाउनु विगतका दशकमा बिरलै देखिएको हो । यो आन्दोलनले केवल सरकार परिवर्तन मात्र गरेन, नेपाल विश्वको ध्यान केन्द्रमा रहेको संकेत दियो ।

सुरुवातमै भनौं, जेनजी पुस्ताले राखेका मागहरू ठूला थिएनन् । सामाजिक सञ्जालमा गरिएको प्रतिबन्ध खारेज गर्नुपर्ने, भ्रष्टाचार अन्त्य हुनुपर्ने र सुशासन स्थापित गर्नुपर्ने यस्ता सामान्य देखिने तर मूलभूत माग नै आन्दोलनको मूल आधार बने । यही मागलाई लिएर सुरु भएको शान्तिपूर्ण प्रदर्शन अचानक हिंसामा परिणत भयो । सुरुवातमै माइतीघर मण्डलाबाट सुरु भएको आन्दोलन नयाँ बानेश्वर संसद् भवनसम्म पुग्दा प्रहरीको गोली लागी १९ जना युवाले ज्यान गुमाए । यही घटनाले आन्दोलनलाई विस्फोटक मोडमा पुऱ्यायो ।

दोस्रो दिनको दृश्य अझ भयावह रह्यो । हजारौं मानिस सडकमा ओर्लिए, सरकारी कार्यालय, नेताका घर र पार्टी कार्यालयसम्म आक्रोशित भीड पुग्यो । आगजनी, तोडफोड र लुटपाटजस्ता दृश्य देखिन थाले । दुई दिनमै ७७ जनाले ज्यान गुमाए भने तीन हजारभन्दा बढी घाइते भए । यसरी इतिहासकै ठूलो क्षति सहनुपरे पनि अन्ततः आन्दोलनले राजनीतिक व्यवस्थामा ठूलो उथलपुथल ल्यायो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए, प्रतिनिधि सभा विघटन गरियो र अन्तरिम सरकार गठन भयो । पहिलो महिला प्रधानमन्त्रीका रूपमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नियुक्त भइन ।

यो आन्दोलनले नेपालको राजनीतिक संस्कृतिमा एउटा गहिरो प्रश्न खडा गरिदिएको छ–नेतृत्वले नागरिक, विशेषगरी युवापुस्ताको आवाज सुन्ने कि नसुन्ने ? प्रारम्भमा जेनजी आन्दोलनलाई सामान्य रूपमा लिने सत्ताधारी र प्रतिपक्ष दुवैको असंवेदनशीलताले मुलुकले ठूलो मूल्य चुकाउनुपऱ्यो । युवापुस्ताले भने आफ्नो दृढता र एकताको प्रमाणित गरेर जनशक्ति कति बलियो हुन्छ भन्ने विश्वलाई देखाए । अन्तर्राष्ट्रिय मञ्चमा नेपाल अचानक चर्चित बन्यो । अलजजिरादेखि बीबीसी, सिएनएन, एसोसिएट प्रेस, भारतीय सञ्चारमाध्यम हुँदै विश्वका ठूला-ठूला पत्रपत्रिका र टेलिभिजन च्यानलले नेपाललाई मुख्य समाचार बनाए । कतिपयले नेपाल अब अस्थिरतामा डुब्ने अनुमान गरे भने कतिपयले नयाँ पुस्ताले मुलुकलाई परिवर्तनतर्फ धकेलेको भन्दै सकारात्मक विश्लेषण गरे । विशेषतः कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेपछि भने अन्तर्राष्ट्रिय धारणा केही हदसम्म सहज भएको छ । संयुक्त राष्ट्रसंघदेखि विभिन्न मुलुकका सरकारहरूले बधाई सन्देश पठाउनु यसैको प्रमाण हो ।

तर, प्रश्न अझै बाँकी छ–के जेनजी पुस्ताको बलिदान र आन्दोलनले मागेका परिवर्तन व्यवहारमा परिणत हुन्छन् त ? भ्रष्टाचार नियन्त्रण, पारदर्शी शासन र नागरिकमैत्री प्रशासन निर्माण हुन्छ कि केवल नेतृत्व फेरिएर पुरानै शैली दोहोरिन्छ ? मुलुक शान्ति र स्थिरताका मार्गमा अघि बढ्छ कि फेरि पनि अस्थिरताको चक्रमा फस्छ ?

यो आन्दोलन केवल दुई दिनको राजनीतिक घटना मात्र होइन, भविष्यतर्फ फर्किएको एउटा ऐतिहासिक मोड हो । यसले पुराना नेतृत्वलाई चेतावनी दिएको छ कि अब युवापुस्ताको आवाज दबाएर शासन सम्भव छैन । लोकतन्त्र तब मात्र सार्थक हुन्छ जब नागरिकले आफ्ना अधिकार र स्वतन्त्रताको अनुभूति गर्न सक्छन् ।

नेपालले महँगो मूल्य तिरेर यो पाठ सिकेको छ । अब अन्तरिम सरकारले युवापुस्ताले उठाएका प्रश्नलाई प्राथमिकतामा राख्दै सुशासन, पारदर्शिता र जवाफदेहिताको बाटोमा अघि बढ्नु जरुरी छ । अन्तर्राष्ट्रिय मञ्चमा नेपाललाई फेरि अस्थिर देशको रूपमा होइन, नयाँ पुस्ताले परिवर्तनतर्फ धकेलेको मुलुकको रूपमा चिनाउन सकियो भने यो आन्दोलनको सफलता प्रस्ट हुनेछ ।

जेनजी पुस्ताले छोटो समयमै देखाएको राजनीतिक भूकम्पले मुलुकलाई नयाँ बाटोतर्फ डोर्याउने अवसर दिएको छ । नेतृत्वले यसलाई गम्भीरतापूर्वक आत्मसात गर्न सके मात्र भविष्य स्थिर र शान्तिपूर्ण बन्नेछ, अन्यथा नेपाल फेरिपनि अस्थिरताको चक्रबाट बाहिर आउन सक्नेछैन । यही चेतावनी र अपेक्षाले यो आन्दोलनलाई ऐतिहासिक बनाएको छ ।

# राजनीतिक दलहरू गाम्भीर्य हुनु आवश्यक



श्रीमन नारायण

देशको राजनीतिमा सुधार ल्याउने भन्ने दाबी गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने दुईपटक देशको गृहमन्त्री भएर पनि जेल म्यानुअलको सम्मान गरेनन् र अपराधीलाई लिएर जेलबाट फरार भए । सिद्धान्तविहीन र अवसरवादी मधेसवादी दलहरू त नेपालको राष्ट्रिय राजनीतिमा चर्चाका लायक पनि रहेनन् ।

लोकतन्त्रमा जब सत्तापक्ष र प्रतिपक्षले एउटै भाषा बोल्न थाल्छ अनि जनता आफूलाई निरीह, असहाय र टुहुरो ठान्न थाल्छन् । सरकार र राजनीतिक दलहरूद्वारा हुने गरेका गलत कार्य र निर्णयलाई पनि आफ्नो नियतिको दोष अथवा भवितव्य ठान्ने गर्दछन् । जनताको धैर्य, सहनशीलता र मौनतालाई राजनीतिक दलहरू आफ्ना प्रत्येक गलत एवं सही निर्णयप्रति समर्थन ठान्दै एकपछि अर्को गल्ती गर्न थाल्छन् ।

'अति सर्वत्र वर्जयेत' भन्ने हाम्रो पूरातन मान्यता प्रत्येक युग, समय र क्षणमा सान्दर्भिक सावित हुने गर्दछ । धैर्य र सहनशीलताले सीमा नाघ्न थालेपछि सोझा जनता पनि सडकमा आउँछन् र आफ्नो असन्तुष्टि तथा आक्रोश व्यक्त गर्छन् । जनअसन्तुष्टिलाई समयमै सम्बोधन गरी आफूलाई सच्याउने शासक र नेताहरू पुनः जनताको विश्वास र समर्थन हासिल गर्न सफल हुन्छन् तर जनताको असन्तुष्टिलाई बलपूर्वक दबाउन खोज्ने शासकहरू अन्ततः सत्ताच्यूत भई इतिहासका कालोपृष्ठमा सीमित हुन पुग्छन् ।

१३ वर्षदेखि २८ वर्ष उमेर समूहका छात्र र युवाहरूको (जेनजी) आन्दोलनले जाबो डेढ दिनमा दुईतिहाइ बहुमतको सरकारलाई सत्ताबाट सडकमा पुर्याउनुको कारणको समीक्षा देशका राजनीतिक दलहरूले गर्नु आवश्यक छ । बढ्दो भ्रष्टाचार र कुशासनका कारण उत्पन्न व्यापक नैराश्यता र आक्रोशको कठोर अभिव्यक्ति ४०-५० वर्ष कटेका वयस्क नेपाली नागरिकहरूले गर्न नसके पनि तिनका कलिला सन्तानहरूले दिए ।

देशको राजनीतिमा सुधार ल्याउने भन्ने दाबी गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने दुईपटक देशको गृहमन्त्री भएर पनि जेल म्यानुअलको सम्मान गरेनन् र अपराधीलाई लिएर जेलबाट फरार भए । सिद्धान्तविहीन र अवसरवादी मधेसवादी दलहरू त नेपालको राष्ट्रिय राजनीतिमा चर्चाका लायक पनि रहेनन् ।

राजनीतिक दलहरूले आफ्नो कमीकमजोरीको समीक्षा गर्दै आगामी दिनमा जनताको हितमा काम गर्ने प्रण लिनुपर्छ । जनताका माग र आवश्यकताअनुसार हिंड्न नसक्ने व्यक्ति, संस्था वा दल औचित्यहीन भई आफैँ सकिन्छन् । जनआन्दोलनको मुख्य उद्देश्य नै हुन्छ, स्थापित शासन प्रणाली अथवा व्यवस्थामा रहेको कमी कमजोरीलाई अन्त्य गरी देश र जनताको बृहत्तर हितमा काम गर्ने शासन प्रणालीको स्थापना गर्नु । नेकपा माओवादीको एक दशक लामो सशस्त्र संघर्षको उद्देश्य पनि नयाँ नेपालको निर्माण गर्नु नै थियो ।

परिवर्तनको अर्थ नै हुन्छ, जनताको जनजीवनमा आमूल परिवर्तन । यस्तो परिवर्तन जनतालाई रोजगारी दिएर मात्रै हुनसक्छ । तर विगत २ दशकमा यो काम भएन । जनआन्दोलन-२ को सफलतापश्चात् देशसामु शान्तिप्रक्रियालाई निष्कर्षसम्म पुऱ्याउनु र देशमा राजनीतिक स्थायित्व कायम गर्नुपर्ने प्रमुख चुनौती थियो । आन्दोलनकारी ७ दल र माओवादीको करिब २ वर्षको सहकार्य र सहयात्रामा केही राम्रा काम पनि भए । जस्तो कि माओवादीका योग्य लडाकुहरूलाई नेपाली सेनामा समावेश गराउने काम भयो जबकि अयोग्य एवं अदक्ष लडाकुहरूलार्य मोटो रकम दिई तिनलाई स्वरोजगारको निम्ति प्रेरित गर्ने काम भयो ।

भनिन्छ, अयोग्य लडाकुका नाममा जारी गरिएको रकममा माओवादीकै नेताहरूबाट ठुलो भ्रष्टाचार र अनियमितता भयो । माओवादी राष्ट्रिय राजनीतिको मूलधारमा समाहित भएपछि देशमा स्थायी शान्ति पनि कायम भयो । देशले अन्तरिम संविधान पनि पायो तथा निर्धारित मितिमै संविधानसभाको निर्वाचन पनि भयो । यस अवधिमा नागरिकता समस्याको समाधान तथा निजामती प्रशासनमा समावेशिताका लागि एउटा आयोगको गठन पनि गरियो ।

संविधानसभाको निर्वाचन परिणामले माओवादीलाई देशको प्रमुख राजनीतिक दलको रूपमा स्थापित गऱ्यो । मधेसी मोर्चाले पनि राम्रो प्रदर्शन गऱ्यो जबकी नेपाली कांग्रेस र एमालेको हकमा भने तिनको इतिहासको यो सर्वाधिक कमजोर प्रदर्शन थियो । पद र सत्ताको लोभले व्यक्तिलाई कति हदसम्म कमजोर बनाउँदो रहेछ त्यसको सोझो उदाहरण थियो, माओवादीले बिहान, दिउँसो र राति गरी १ दिनमा ३ पटक गाली गर्ने एमाले तथा माओवादीलाई गाली गरेर मधेसी जनताको मत प्राप्त गरेका उपेन्द्र यादवले माओवादी नेतृत्वकै सरकारमै सहभागी हुनु राजनीतिक अवसरवाद र सिद्धान्तविहीन राजनीतिको सशक्त उदाहरण थियो । त्यसपछि त एमाले-माओवादी, एमाले कांग्रेस, माओवादी-मधेसवादी-कांग्रेस-एमाले, माओवादी-कांग्रेस, कांग्रेस-माओवादी, माओवादी-एमाले माओवादी-कांग्रेस, माओवादी-एमाले र एमाले-कांग्रेस गरी ३ दलीय सिन्डिकेटमुखी राजनीतिले प्रधानमन्त्री पायो । आलोपालो गरी राणाका दाजुभाइहरूले १०४ वर्षसम्म शासन सत्ता चलाएजस्तै २ दशकसम्म उपरोक्त ३ दलका निश्चित नेताहरूले नै शासनसत्ता चलाउँदै आए ।

सबैभन्दा आश्चर्यको कुरा त जेनजी आन्दोलन निर्णायक अवस्थामा पुग्दा पनि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने आफ्नो पालोको प्रतिक्षामा थिए जबकी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्कमल दाहाल प्रचण्ड भने एमाले-कांग्रेस समीकरण असफल भयो भन्दै देउवालाई माओवादीसित मिलेर वैकल्पिक सरकार गठनको लागि निम्तो दिइरहेका थिए । जनआन्दोलन-२ को सफलतापश्चात् देशमा खासै परिवर्तन भएन । पुँजीवाद, साम्राज्यवाद, सामन्तवाद र कथित बाहुनवादको विरोध गर्ने नेकपा माओवादीले आफ्नो नीतिमा ठुलो परिवर्तन ल्यायो ।

सर्वहारा, गरिब, मजदुर, क्रान्ति आदि शब्द केवल सुगारटाइमा काम आउने शब्दहरू भए । माओवादीका नेताहरू धनआर्जन गर्न वैध र अवैध सबै बाटो अपनाउन थाले । सुन तस्करी, डलर तस्करी, मानव तस्करी, भ्रष्टाचार आदि कार्यमा माओवादीका नेताहरू मुछिन थाले । शिक्षा, स्वास्थ्य तथा न्याय सस्तो र सुलभ तरिकाले प्राप्त हुने अपेक्षा जनताको हुनु अस्वभाविक होइन । के नेकपा माओवादीले आफ्नो कथित जनयुद्धमा १७ हजार नेपालीको बलिदान गर्न लगाएर पनि उपरोक्त मूलभूत सुविधा जनतालाई उपलब्ध गराउन सक्यो ? सकेन ।

पुँजीवादी अर्थव्यवस्थाको नदीमा आफैँ हाम फालेर पौडी खेल्न थाल्यो । माओवादीका नेताहरूको पनि निजी अस्पताल, विद्यालय र सपिङ मलमा लगानी रहेको आमचर्चा छ । परिवारवादको सवालमा यसले कांग्रेस र एमालेलाई पनि माथ गरेको छ । यस्तोमा यदि जेनजीका आन्दोलनकारीहरूले आफ्नो आक्रोशको अभिव्यक्ति माओवादी नेताका निजी भौतिक सम्पत्तिमाथि गरेका रहेछन् भने त्यसलाई कुन रूपमा परिभाषित गर्ने ?

नेकपा एमालेले जुन दिन बहुदलीय जनवादको नीतिलाई आत्मसात गऱ्यो त्यसै दिनदेखि यो कम्युनिस्ट रहेन, न त लोकतन्त्रवादी नै रह्यो । आवश्यकता परे वामपन्थी सर्ट लगाउने होइन भने लोकतन्त्रवादी सिद्धान्तविहीनताको सिकार यस पार्टीको अभिष्ट लक्ष्य पनि केवल सत्ता नै रह्यो । खोक्रो राष्ट्रवादको नारा दिएर जनतालाई भ्रमित पार्ने र आफ्नो निहित स्वार्थपूर्ति गर्ने एक मात्र लक्ष्य देखियो । भ्रष्टाचार गरी अथाह सम्पत्ति आर्जन गर्ने सवालमा एमालेका नेताहरू पनि कम देखिएन । साधारण-मध्यम वर्गीय परिवारका अधिकांश नेताहरूले काठमाडौँमा घर ठड्याउनु, आधुनिक मोजमस्तीले भरिपूर्ण जीवनयापन गर्न, विभिन्न कम्पनीहरूमा सेयर लगानी गर्न र भ्रष्टाचारको आरोप लागे सिंगो पार्टी नै एकजुट भएर आफ्नो नेताको बचाउमा उभिनु यसको नीति रह्यो ।

जेनजी आन्दोलनकारीहरूको सर्वाधिक आक्रोश एमालेप्रति नै थियो किनभने एमालेकै नेताहरू सर्वाधिक झुठो घोषणा गर्दथे, आश्वासन बाँड्थे तर काम भने केही पनि गर्दैनथे । जेनजी आन्दोलनलाई दमन गर्ने सर्वाधिक मानसिकता पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीमै देखियो । नेपाली कांग्रेस त घोषित रूपमै आर्थिक उदारीकरणको नीति अवलम्वन गर्ने पार्टी हो । करोडपति र अर्बपति नकहलिनेहरू यस पार्टीमा नेता नै हुन सक्दैनन् । न कांग्रेसका सभापति देउवा र पूर्वऊर्जामन्त्री दिपक खड्काको घरमा देखिएको भन्दै कुटपिटमा उत्रनेहरूले भिडिओमा देखाएको नोटको बन्डल नै तिनीहरूले गरेको भ्रष्टाचारको प्रमाण हो ।

देशको राजनीतिमा सुधार ल्याउने दाबी गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने २ पटक देशको गृहमन्त्री भएर पनि जेल म्यानुअलको सम्मान गरेनन् र अपराधीलाई लिएर जेलबाट फरार भए । सिद्धान्तविहीन र अवसरवादी मधेसवादी दलहरू त नेपालको राष्ट्रिय राजनीतिमा चर्चाका लायक पनि रहेनन् । नासाका कथित वैज्ञानिक सिके राउतको जनमत पार्टीको नाटकले संघीयतालाई नै आर्यघाटसम्म पुर्याउने टेन्डर लिएको जस्तो लाग्छ । स्थापित राजनीतिक दलहरूप्रति जनताको आक्रोश र असन्तुष्टि देखिए पनि विकल्पको अभाव छ ।

तसर्थ ठुला राजनीतिक दलहरूले सच्चिनु आवश्यक छ । जनता, पार्टीको ठाउँमा राम्रा उम्मेदवारहरूलाई पनि चुनाव जिताउन सक्दछन् । जेनजी समूहको आन्दोलनको सफलता र काठमाडौँका मेयर बालेन साहको लोकप्रियताले आगामी निर्वाचन परिणाममा अभूतपूर्व परिवर्तन ल्याए आश्चर्य मान्नुपर्ने छैन । पैसाको भरमा चुनाव जित्ने र चुनाव जितेपछि देश नै लुट्ने प्रवृत्तिको अन्त्य हुनु आवश्यक छ । अन्तरिम सरकारले भ्रष्टाचारको छानबिन गर्न सशक्त आयोगको गठन गऱ्यो भने अहिले चर्चामा रहेका अधिकांश अनुहारहरू चुनाव लड्न योग्य पनि रहने छैनन् ।


## दशरथचन्द नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

दशरथचन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा गढी, बैतडी

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिंहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**

# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको ब्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट ब्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित ब्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक ब्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका ब्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक ब्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

## खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले भिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

"म्याद र गुणस्तर हेरेर मात्र सुरक्षित खानेकुरा रोजौं ।
स्वस्थ जीवनको समृद्ध मुलुक र गुणस्तर चिन्हलाई नै खोजौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## साईपाल गाउँपालिका बभाङको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं । आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**साईपाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काडा, बभाङ**

## स्वास्थ्य शाखाको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस्
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

**स्वस्थ्य शाखा**
**अमरगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**अमरगढी डडेल्धुरा**

# दसैं सुरु भएसँगै अन्तरराष्ट्रिय उडानमा बढ्यो चाप

**बिगूल समाचार**
**७ असोज २०८२**



बडादसैं सुरु भएसँगै मुलुकको हवाई उडानमा चाप बढेको छ । विशेषगरी अन्तरराष्ट्रिय उडानमा चाप भएपनि आन्तरिकतर्फ भने सामान्य रहेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलले जनाएको छ ।

दसैंमा काठमाडौँबाट विभिन्न गन्तव्यमा जाने हवाइ यात्रुको सङ्ख्या उल्लेख्य रहेको छ । विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार अहिले विदेशबाट नेपाल आउने हवाई यात्रुको सङ्ख्या वृद्धि भइरहेको छ ।

केही विदेशी वायुसेवा कम्पनीले उडान थपेका छन् । कतिपय एयरलाइन्सले चार्टर्ड उडान पनि गरिरहेका छन् । "अन्तरराष्ट्रियतर्फ आवागमन बढ्दो क्रममा छ । आन्तरिकमा साविक बमोजिम सामान्य छ", प्रवक्ता शेर्पाले भन्नुभयो, "अबको विजया दशमीको दिनसम्म आन्तरिकतर्फ पनि उडान बढ्ने सम्भावना छ ।"

प्रवक्ता शेर्पाका अनुसार शनिबार अन्तरराष्ट्रियतर्फ १०६ उडान भएका छन् । जसमा ५४ आगमन भए भने ५२ वटा प्रस्थान भए । यी उडानबाट आठ हजार २९ यात्रु नेपाल आएका छन् । आन्तरिकतर्फ २२२ उडान भएका छन् । यसमध्ये काठमाडौँबाट बाहिरिने यात्रुको सङ्ख्या ६ हजार ८७५ रहेको छभने भित्रिनेको सङ्ख्या चार हजार ६५ रहेको छ ।

आइतबार अन्तरराष्ट्रियतर्फ ५५ उडानमार्फत आठ हजार ५०० यात्रु भित्रिएका छन् । छ हजार ८०० यात्रु बाहिरिएका छन् । आन्तरिकमा कूल २२९ उडानमार्फत सात हजार ८८७ र पाँच हजार ५०५ यात्रु काठमाडौँ भित्रिएका छन् । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल भएर दैनिक ३०० भन्दाबढी उडान हुन्छ । यसमध्ये आन्तरिकतर्फ २५० बढी र अन्तरराष्ट्रियमा दैनिक १०० हाराहारी उडान हुन्छ । विमानस्थल बिहान ६ बजेदेखि राति १ बजेसम्म सञ्चालन हुँदै आएको छ ।

आन्तरिकतर्फ १२ हेलिकप्टर कम्पनीसहित २१ वायुसेवा कम्पनीले सेवा दिइरहेका छन् । अन्तरराष्ट्रियतर्फ तीन नेपालीसहित ३० हवाई कम्पनीले उडान भर्दै आएका छन् ।

## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**

## शैल्यशिखर नगरपालिका दार्चुलाको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**शैल्यशिखर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गोकुलेश्वर, दार्चुला**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**

## सिगास गाउँपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**सिगास गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गर्जे, बैतडी**

डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा